"कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पूर्वाधार: सुन्दर समृद्ध बर्जुको आधार"

बर्जु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## प्रेस विज्ञप्ती

मिति २०८२ साल जेष्ठ २९ गतेका दिन बर्जु तालको सन्दर्भमा कोशी प्रदेश सरकारले केहीरोज ईन्टरनेश्नल प्रा.लि. सँग गरेको बर्जुताल पर्यटन विकास परियोजनाको समझादारी पत्रको विषयलाई लिएर यस गाउँपालिकाका अध्यक्ष श्री जिवछ कुमार राय समक्ष स्थानीय राजनैतिकदलले ज्ञापनपत्र बुझाउने क्रममा अनावश्यक भिड जम्मा गरी भीडलाई उत्तेजित पारी जुन किसिमको अभद्र,अव्यवहारिक र अनैतिक शैलि र अलोकतान्त्रिक प्रकृयाबाट गाउँपालिकाको अध्यक्षमाथि आक्रमण गर्ने,व्यक्तिगत आक्षेप लगाउने मानमर्दन गर्ने कार्य प्रति बर्जु गाउँपालिका घोर निन्दा एवं भत्सर्ना गर्दछ ।

प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता छ ।राम्रा कामको प्रशंसा गर्नु र गलत कार्यको विरोध गरी सचेत गराउनु लोकतन्त्रको सवै भन्दा सुन्दर पक्ष पनि हो ।नेपालको संविधानले यो अभिव्यक्तिको स्वतन्तत्रता प्रदान गरेकै छ तर विरोध गर्दा कसैको मान मर्दन हुने र कुनै समुदाय विशेष लाई लक्षित गरी अपमानहुने खालका अभिव्यक्ति आउनु आफैमा खेदपूर्ण र लज्जास्पद छ ।यस्ता कार्यले सामाजिक सदभावमा समेत खलल पुग्ने हुँदा यसप्रति सम्पूर्ण राजनैतिक दलहरुलाई आफ्नो अभिव्यक्ति दिदा विचार पूर्याउन समेत अनुरोध गर्दछु।

बर्जु गाउँपालिकाको एकमात्र पहिचान र गौरवको रुपमा रहेको बर्जुतालको विकास र पर्यटन प्रवर्द्धनका लागि स्थानीय सरकार लागि परेकै छ ।गाउँपालिका एक्लैको प्रयास र लगानीले मात्र १५२ विघामा रहेको तालको विकास प्राय:असम्भव नै छ ।यदी साच्चिकै तालको विकास गर्ने नै हो भने यसका लागि सार्वजनिक नीजि साझेदारीको अवधारणा बाट अघि बढ्नु नै पर्छ तर यसरी अघि बढिरहँदा यस क्षेत्रका जनताको प्रत्यक्ष र अप्रत्यक्ष लाभ र गाउँपालिका लाई प्राप्त हुने आन्तरिक राजश्वको विषयमा भने छर्लङ्ग भएर अघि बढ्ने कुरामा गाउँपालिका प्रतिबद्ध छ । किसानहरुको जग्गा अधिग्रहण गर्ने भन्ने कुरामा समेत भ्रमपूर्ण प्रचारबाजी गरेको पाईयो ।गाउँपालिकाले यस भेगका किसानको अहित हुने गरी कुनै किसमको सम्झौता गरेको छैन/ आगामी दिनमा पनी गर्ने छैन भन्ने कुरा समेत जानकारी गराउन चाहन्छु ।

अत: यस गाउँपालिकाको समग्र विकासमा सवै राजनैतिक दल,संघ संस्था समुदाय र आम बर्जु वासी किसान दाजुभाई, दिदीबहिनीहरुको आपसी सहकार्य,समन्वय र सहभागिताले मात्र संभव छ ।आपसी मतभेदहरु लाई संवाद र वार्ताका माध्यमबाट मात्र हल गर्न सकिन्छ भन्ने कुरामा गाउँपालिका विश्वस्त छ ।सो सम्वन्धमा आवश्यक संवाद र सहजीकरणका लागि राजनैतिक दलहरुको तर्फबाट १९ सदस्यीय सहजीकरण समिति गठन भई सकेको व्यहोरा समेत अवगत गराउन चाहन्छु । अन्तमा बर्जुतालको सन्दर्भमा देखिएको समस्या समाधान गर्न सवैको सहयोग र सहकार्यको अपेक्षा गर्दछौं ।

मिति: २०८२/०३/०१

..................................
अध्यक्ष 3/01
(जिवछ कुमार राय)

जिवछ कुमार राय
अध्यक्ष